| संख्या नं : |
|---|

# ओमसतिया गाउँपालिका को पशु विमा कार्यक्रम संञ्चालन तथा विमा प्रिमियम मा अनुदान उपलब्ध गराउने कार्यविधि२०७६

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७६/०९/०७ |

ओमसतिया गाउँपालिका

रुपन्देही जिल्ला

५ नं. प्रदेश, नेपाल

## पशु विमा कार्यक्रम संञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि ,२०७६

प्रस्तावनाः

मुलुकको अर्थतन्त्रमा महत्वपुर्ण स्थान ओगटेको पशुपन्छीपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशुपन्छी,पशुपन्छीजन्य पदार्थ तथा पशुपन्छी उत्पादन सामाग्रीको स्वस्थ उत्पादन, बिक्री वितरण,उपभोग गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न र यस ओमसतिया गाउँपालिका भित्र बहुसंख्यक कृषक पशुपालन व्यवसायबाट आफ्नो जिवन निर्वाहा गर्दै आएको परिप्रेक्षमा यस व्यवसायलाई व्यवस्थित,र व्यवसायीकण तथा आधुनिकरण गर्दै किसानहरुको जिवनस्तरमा परिवर्तन ल्याउनु , रोजगारी सृजना, वेरोजगारीको अन्त्य गर्दै,ओमसतिया गाउँपालिका भित्रको समग्र पशुपालन व्यवसायलाई बिकास गर्नु,ओमसतिया गाउँपालिकको दायित्व हुन आउछ।

पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी व्यवसाय तर्फ कृषकहरुलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजि तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवश्यक भएको छ।यो आवश्यकता लाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना,२०६९ को कृषि क्षेत्र विकास सम्बन्धी बुँदा नं. ११ मा माछा,पशुपंक्षी र कृषि उपजको व्यवसायिक उत्पादनमा जोखिम बीमा गरिदिने र सो वीमा को ७५ प्रतिशत अनुदान नेपालसरकार ले दिने भनि उल्लेख भए अनुरुप २०६९ माघ १ गते देखी वीमा कार्यक्रम लागु भएको छ र बाकि रहेको २५ प्रतिशत रकम कृषक स्वयम ले तिर्नु पर्ने हुदा अझैपनि बिमा कार्यक्रम विपन्न र आर्थिक अवस्था कम्जोर भएका कृषक माझ पुग्न नसकेको हुदा उक्त ५० प्रतिशत गाउँपालिका बाट अनुदान स्वरुप उपलब्ध गराउने र बाकि ५० प्रतिशत रकम कृषक स्वयम ले बुझाउनु पर्ने गरि स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ खण्ड ण (१२) संग संम्बन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरिएको छ ।

# परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(क) यो कार्यविधिको नाम" पशु बीमा कार्यक्रम संञ्चालन तथा विमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०७६"रहेको छ।

(ख) यो कार्यविधि ओमसतिया गाउँपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ।

२. **<u>उद्देश्यहरुः</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ः-

(क) कृषकहरु को काबु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने तर्फ सम्भावित जोखिम न्युनीकरण गरी कृषकहरुलाई व्यवसायिक पशुपालन मा आकर्षित गर्न सहयोग गर्ने।

(ख) पशुपालन को व्यवसायीकरणका लागि जोखिम न्युनिकरण गरी कृषकले पशुपालन मा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने।

(ग) पशुपालन क्षेत्रमा नीजी तथा सहकारी क्षेत्रको लागानी आकर्षित गर्न सहयोग गर्ने।

(घ) विपन्न र आर्थिक अवस्था कम्जोर भएका कृषकहरुको जिबन स्तर उकास्न सहयोग गर्ने छ ।

३. **<u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) ऐन भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) नियमावली भन्नाले बीमा नियमावली,२०४९ सम्झनुपर्छ।

(ग) "पशुधन" भन्नाले घरपालुवा पशु र पन्छीहरुलाई जनाउँछ यसले स्त्री र पुरुष जाति दुवै लाई समेट्छ।

(घ) "बीमक" भन्नाले बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी सम्झनु पर्दछ।

(ङ) "बीमित" भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने व्यक्ति वा परिवार वा कृषक समुह भन्ने सम्झनु पर्दछ।

(च) "बीमा लेख" भन्नाले बीमा समितिबाट जारी गरिएको बीमा लेख लाइ सम्झनु पर्दछ।

(छ) "कावु भन्दा बाहिरको परिस्थिती" भन्नाले बाढी,पहिरो,अनाबृष्टि,पशुका रोग तथा बाझोपन, दुर्घटना जस्ता विभिन्न परिस्तथितिलाई जनाँउछ।

(ज) "कार्यालय" भन्नाले ओमसतिया गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(झ) "सम्बन्धीत शाखा" भन्नाले ओमसतिया गाउँपालिकाको पशु सेवा शाखा लाई सम्झनु पर्दछ।

(ञ) "प्राविधिक" भन्नाले ओमसतिया गाउँपालिकाको पशु शेवा शाखा को प्राविधिक लाई सम्झनु पर्दछ।

## परिच्छेद -२

### ४. कार्यक्रम कार्यान्वयन र संचालन प्रकृया

(क) कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार विमा कार्यक्रम संञ्चालन गर्नेछ।

(ख) विपन्न,आर्थिक अवस्था कम्जोर भएका र पशुधनको विमा नगरेका कृषक वर्ग लाई पहिलो प्रथामिकता दिईनेछ ।

(ग) विमा गराउने पशु पन्छीको मुल्य निर्धारण गर्दा बाली तथा पशु पन्छी विमा निर्देशीका २०६९ को परिच्छेद-५ अनुसार गरिने छ।

(घ) विमा कार्यक्रम संञ्चालन गर्दा बार्षिक स्वीकृत बजेट को परिधि भित्र रहेर कार्यक्रम शिर्षक को आधार मा संम्बन्धित वडा कार्यालय मार्फत पशु सेवा शाखा का वडा प्राविधिक हरु मार्फत विमा गराउन ईच्छुक कृषक हरुको नाम र विमा गराउने पशुको संख्या

टिपोट गरिने छ।

(ङ) बाली तथा पशुपन्छी बीमा,बीमा समितिमा दर्ता भएका १७ वटा निर्जिवन बीमा कम्पनीहरु (बीमक) ले नेपालका सबै जिल्लाहरुमा कार्य गर्न सक्ने भएता पनि यस ओमसतिया गाउँपालिकामा बिमा कार्यक्रम संञ्चालन,व्यवस्थापन तथा भुक्तानी प्रकृया लाई व्यवस्थित गर्न यस ओमसतिया गाउँपालिका को पशु सेवा शाखा ले ओमसतिया गाउँपालिका मा कार्यरत प्रमुख प्रशासकीय अधिकृत,आर्थिक प्रसाशन प्रमुख को आवश्यक परामर्शमा विमा कम्पनि संग कार्य सम्झौता गरि कार्यक्रम संचालन गर्ने छ।

## परिच्छेद-३
## विविध

**५) अनुगमन गर्ने :**

क) कार्यक्रम संञ्चालनको समयमा आवश्यकता अनुसार ओमसतिया गाउँपालिका आफैले अनुगमन गर्नेछ ।

**६) प्रचलित कानुन लागु हुने :**

क) बिमा प्रिमियम मा अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

**७) कार्यक्रम संसोधन तथा खारेजी :**

क) ओमसतिया गा.पा ले पशु सेवा शाखाको सिफारिसमा यो कार्यविधिको संसोधन तथा खारेजी गर्न सक्नेछ ।

**८) बाधा अडचन फुकाउने :**

क) यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन परे ओमसतिया गाउँपालिका ले निर्णय गरी फुकाउने छ ।

**९) व्याखा गर्ने अधिकार :**

क) यो कार्यविधिको व्याख्या गर्ने अधिकार ओमसतिया गाउँपालिका लाई हुने छ ।

**बीमा अवधि : बीमा पोलिसि जारि गरेको मितिले १ वर्ष सम्म कायम रहनेछ। अर्को वर्षका लागि पुन बीमा शुल्क तिरी नविकरण गर्नु पर्ने छ।**